नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १६८ २०७७ साल माघ २० गते मंगलबार (2 Feb. 2021 Tuesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : खडकको ६० स्थानमा ... ३ पृष्ठमा : म्यान्मारको सेनाद्वारा देशलाई सैनिक.. ३ पृष्ठमा : महाभियोग विरुद्धको ...

# संसद विघटन बिरुद्ध सप्तरी कांँग्रेस सडकमा




**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले असंबैधानिक कदम बिरुद्ध नेपाली काँग्रेस सप्तरीले सोमबार राजविराजमा बिरोध प्रदर्शन गरेको छ ।

स्थानिय राजरंगशालाको खेलमैदानबाट निस्केको जुलुसमा सहभागिा नेता कार्यकर्ताले संसद विघटन बिरुद्ध चर्का नाराबाजी गरेका थिए ।

प्रदर्शनपछि नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश यादबको अध्यक्षतामा स्थानिय नेता चौकमा आयोजित सभामा प्रदेश सभा सदस्य गिता यादब, कंचनरूप नगरपालिका उपप्रमुख निरू पोखरेल, पुर्वसासंद तथा नेपाली काँग्रेस महासमिति सदस्य सकलदेव सुतिहार, नेपाली काँग्रेस सप्तरी सचिव रामकुमार यादब, काँग्रेस सप्तरी उपाध्यक्ष प्रभु नारायण चौधरी, यूवा नेता अर्जुन साह, सबिर आजम लगायतले सम्बोधन गर्दै आन्दोलनबाटै गलत कदम सच्याउन प्रधानमन्त्रीलाई बाध्य पार्ने चेतावनी दिए ।

काँग्रेससहित सो पार्टीका भातृ संघसंगठनको संयुक्त अगुवाइमा प्रदर्शन गरिएको प्रदर्शनमा महिलाहरुको पनि उल्लेख्य सहभागिता रहेको थियो ।

## आवश्यकता । आवश्यकता ॥ आवश्यकता ।।।

माय जलपा बचत तथा ऋण सहकारी संस्था लि. लाई निम्न पदहरुमा अनुभवी इच्छुक व्यक्तिहरु चाहिएकोले समयमै सम्पर्क गर्नु होला ।

**पद : क्यासियर/संख्या : १ (एक) जना**
BBS वा Bachelor सो सरह पास गरि एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा PCS (Parbhu Co-operative Solution, Pamoris Software) तथा अन्य Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**पद : ऋण ओफिसियर/संख्या : १ (एक) जना**
BBS वा Bachelor सो सरह पास गरि एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा PCS (Parbhu Co-operative Solution, Pamoris Software) तथा अन्य Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**पद : बजार प्रतिनिधी/संख्या : ५ (पाँच) जना**
शैक्षिक योग्यता +2 पास गरेको वा सो सरह बजार प्रतिनिधिमा एक वर्षको अनुभव भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।
**मिति : २०७७/१०/१८ गते देखि २०७७/१०/२६ गते सम्म**
**लिखित परीक्षा मिति : २०७७/१०/२७**
**मौखिक परीक्षा मिति : २०७७/१०/२८**

सम्पर्क
**माय जलपा बचत तथा ऋण सहकारी संस्था लि.**
विष्णुपुर गा.पा. ६, रंजितपुर
कुनौली रोड, सशस्त्र क्याम्पको छेउमा
मोबाइल नं. ९८५२८३२०५९, ९८१६३४२१८८
फोन नं. ०३१-५२२२५९, **www.myjalpacooperative.com.np**

# कोरोना संक्रमणबाट ज्यान गुमाउनेको संख्या शून्य

**दैनिक समाचारदाता**
**काठमाडौं, १९ माघ ।**

पछिल्लो २४ घण्टामा नेपालमा कोरोना संक्रमणबाट ज्यान गुमाउनेको संख्या शून्यमा झरेको छ । यसअघि गएको बिहीवार पनि कोरोनाबाट ज्यान गुमाउनेको संख्या शून्यमा झरेका थियो ।

नेपालमा कोरोना भाइरसका सक्रिय संक्रमित संख्या दुई हजार पाँच सयभन्दा तल झरेको छ । पछिल्लो २४ घण्टामा दुई सय ६४ जना निको भएसँगै सक्रिय संक्रमितको संख्या दुई हजार चार सय ८९ मा झरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

नेपालमा अहिलेसम्म दुई लाख ६६ हजार ६ सय जना कोरोना संक्रमणबाट मुक्त भएका छन् । यस्तै पछिल्लो २४ घण्टामा एक सय ५९ जनामा कोरोना संक्रमण पुष्टि भएसँगै कोरोना संक्रमण पुष्टि हुनेको संख्या दुई लाख ७१ हजार एक सय १८ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

यस्तै गएको २४ घण्टामा चार हजार एक सय ४५ जनाको पीसीआर परीक्षण गरेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

# एनप्यावशनद्वारा सबै पालिकालाई एकै मिति र समयमा परिक्षा लिन आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

एनप्यावशन सप्तरीले संस्थागत तथा सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु विद्यालय छाड्ने तथा भर्ना हुने अवस्थामा स्थान्तरण प्रमाणपत्र बिना कुनै पनि विद्यालयलाई नाम दर्ता नगर्न आग्रह गरेको छ ।

एनप्यावशन सप्तरीका अध्यक्ष नरेशप्रताप साहको अध्यक्षतमा सोमबार बसेको कार्यसमितिको बैठकले सो आग्रह गर्दै विभिनन निर्णय समेत गरेको छ ।

बैठकले एउटा विद्यार्थीले

*बाँकी तीन पृष्ठमा*



## सम्पादकीय

### विद्यालयले मात्र नभएर अभिभावक समेतले बालबालिकाप्रति ध्यान दिनुपर्छ

विश्व नै कोरोना महामारीका कारण अस्तव्यस्त भएको बेला शैक्षिक क्षेत्र पनि तहसनहस बनेको छ । तर, केही महिनादेखी नेपालका शैक्षिक संघसंस्थाहरु खुलेका छन् । महामारीका कारण लामो समयदेखी बन्द रहेका ती शैक्षिक संस्थाहरु नयाँ शैक्षिक सत्रको आधा भन्दा बढी समय बितिसकेपछि खुलेको हो । यसरी विद्यालयहरु खुलेपछि विद्यार्थीहरु स्वास्थ्य सुरक्षाको पालना गर्दै पढन गइरहेका छन् । विद्यालयहरुले समयलाई पनि ध्यानमा राख्दै पढाउने कार्यलाई निरन्तरता दिइरहेका छन् ।

यस अवस्थामा विद्यार्थीहरुको कोर्ष पुरा गराउन विद्यालयहरुले लागि परेका छन् । हालै मात्र विद्यालयहरुले आन्तरिक परिक्षा समेत संचालन गरिरहेका छन् । कोरोना महामारीले प्रभावित शैक्षिक क्षेत्रलाई पुरानै शैलीमा ल्याउन शैक्षिक संघसंस्था, विद्यालय, शिक्षा कार्यालय लगायत सम्पूर्ण सरोकारवाला निकाय लागिपरेको अवस्था छ ।

तसर्थ विद्यार्थीहरुलाई घरमा पढाउन अभिभावक समेतले ध्यान दिनुपर्ने अवस्था आएको छ । मात्र विद्यालय पठाएर आफ्नो जिम्मेवारीबाट अभिभावक पन्छिनु हुँदैन् यसका लागि अभिभावकदेखी विद्यालय तथा शिक्षकहरुले पनि बालबालिकाप्रति गम्भिर बने मात्र उनीहरुको भविष्य सुनिश्चित हुनेछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# खडकको ६० स्थानमा मनोसामाजिक सहयोग कार्यक्रम हुदै



**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

सप्तरीको पश्चिम भेगमा रहेको खडक नगरपालिकाको बिभिन्न वडाहरुमा अहिले मनोसामाजिक सहयोग कार्यक्रम अर्न्तगत प्रशिक्षण तथा सिकाई कार्य भइरहेको छ ।

बिषेश गरि सानो सानो बच्चाका अभिभावकहरुको सहभागिता गराएर उक्त तालिम दिइरहेको सबलन नेपालका मनोसामाजिक सहयोग कार्यक्रम परियोजना अधिकृत डिकुरा पोखरेलले जानकारी दिएका छन् ।

सेभ द चिल्ड्रेनको सहयोग तथा सबल नेपालले मंसिर २५ गतेदेखि नै संचालन गरेको मनोसामाजिक सहयोग कार्यक्रम खडक नगरपालिका भित्र रहेको बिभिन्न वडामा करिब ६० स्थानमा कार्यक्रम संचालनमा रहेको छ ।

जिल्लाको खडक नगरपालिका वडा नं. ६ को चकवा र वडा नं. ७ को कल्याणपुरमा हप्ताका सोमबार यो कार्यक्रम आयोजना भइरहेको छ भने अन्य ठाउँमा पनि यो कार्यक्रम हप्ताका प्रत्येक दिन बिभिन्न ठाउँमा क्रमशः मंगलबार, बुधवार, बिहीवार र आइतबार पनि संचालन हुदै आएको जनाइएको छ। हप्ताको शुक्रबार र शनिवार दुई दिन भने यो कार्यक्रम नहुने गरेपनि अरु बाँकी दिन कार्यक्रम संचालनमा रहेको छ ।

सबल नेपालका सहजकर्ता सुमन कुमारी साहका अनुसार चकवामा सोमबार एक दिन मनोसमाजिक सहयोग कार्यक्रम अहिले ७ औ सेसनको कार्यक्रम संचालनमा जानकारी दिए ।

यो सेसन १ देखि १२ सम्म चल्ने सेसनमा परिचाय, भावनाहरु के के छन, पेमा वा कृतज्ञता, बालबिकसमा देखिने तनावको पहिचान गर्ने, मेरो सहयोग संजाल, मेरो समाजिक संगाललाई बलिया बनाउने, शारिक ब्यायाम, ब्यवस्थित स्वास्थ्य राख्ने, बोल्ने ब्यवहारमा परिर्वतन, समाजमा कसरी मेलमिलाप गरि बस्ने, बच्चालाई कसी हेर्चार गर्ने, मिठो मायाले बच्चालाई कसरी स्याहार सुसार गर्ने जस्ता समाजिक कार्यहरु सिकाई रहेको सहजकर्ता साहलले बताए ।

खडक नगरपालिकाको बिभिन्न वडाहरुमा ६० वटा स्थालमा एकै साथ संचालनमा रहेको कार्यक्रममा ६७६ जना महिलाहरु सहभागि रहेको सबल नेपालले जनाएको छ ।

खडक नगरपालिकाको वडा नं. २ मा १० वटा, वडा नं. ४ मा १०, वडा नं ६ मा १०, वडा नं. ७ मा १०, वडा नं. ८ मा १० स्थान र वडा १० मा समेत १० गरि ६० वटा स्थानमा अहिले मनोसमाजिक सहयोग कार्यक्रम संचालनमा रहेको जनाइएको छ ।

परिचाय गर्ने, बच्चा स्याहार, बच्चालाई नहिरकाउने लगायतका तालिम दिई रहेको जानकारी दिदै १ देखि १२ वटा सेसन मध्य अहिले ७ औ सेसनको कक्षाहरु संचालनमा रहेको अका सहजकर्ता अर्चाना साहले जानकारी दिए । मनोसामाजिक सहयोग कार्यक्रममा ६ वटा सहजकर्ताहरुले तालिम दिई रहेको बताउदै तालिममा सहभागि बालबालिकाहरुलाई समेत खेल सामग्री प्रदान गरिएको छ ।

उनीहरुलाई खेलन र मनोरंजनका लागि सफ्ट बल र हिमहिमबाजा समेत दिएको छ। उक्त मनो समाजिक सहयोग कार्यक्रम सेसन १ देखि १२ सम्मको तालिम सकेपछि मात्र सकिने छ ।

त्यस्तै वडा नं. ७की सदस्य समेत रहेका जलेश्वरी देवी मंडलले सिकेको कुराहरु ब्यवहारमा उतारेर समाजको अन्य ब्यक्तिहरुलाई मनोसमाजिक सहयोगको बारेमा जानकारी गराउनु नै समाजको परिर्वतन गर्न सकिने बताए ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# म्यान्मारको सेनाद्वारा देशलाई सैनिक नियन्त्रणमा लिइएको घोषणा, विपक्षी नेताहरु नजरबन्दमा

न्यापिटअ, म्यान्मार, १९ माघ ( रासस-एपी) ।

म्यान्मारको सैनिक टेलिभिजनले म्यान्मारको सम्पूर्ण सत्ता एक वर्षका लागि आफूहरुले नियन्त्रणमा लिएको घोषणा गरेको छ। आङ सान सुकी समेत देशका सबैजसो वरिष्ट राजनीतिज्ञहरुलाई सेनाले नियन्त्रणमा लिइएको पनि जनाएको छ।



सेनाको नियन्त्रणमा रहेको म्यावाडी टिभीका एक सैनिक प्रस्तोताले सेनाको घोषणा वाचन गर्दै सेनाले मस्यौदा गरेको संविधान बमोजिम देशभित्र आपतकालीन स्थिति उत्पन्न भए सेनाले देशलाई नियन्त्रणमा ल्याउन सक्ने उल्लेख गरेका थिए। ती सैनिक प्रस्तोताले गत नोभेम्बरमा सम्पन्न आम निर्वाचनमा धाँधली भएको भन्ने सेनाको दाबीलाई अस्वीकार गरिएको तथा कोरोनाभाइरसका कारण देशभित्र संकटपूर्ण अवस्था रहेकाले आम निर्वाचन स्थगित गर्न सरकार अक्षम भएपछि सैनिक नियन्त्रण आवश्यक रहेको बताएका थिए।

केही दिनदेखि सेनाले सत्ता विद्रोहको तयारी गरिरहेको छ भन्ने समाचार सार्वजनिक भए पनि सेनाले त्यस्तो खबरमा सत्यता नरहेको बताउँदै आएको थियो। तर नयाँ निर्वाचन भएर नयाँ संसदको बैठक सोमबारै शुरु हुने दिन बिहान सेनाले सत्ता विद्रोह गरेको छ।

राजनीतिक नेताहरुलाई सैनिक नियन्त्रणमा राख्ने र अन्य संचार सम्पर्क विच्छेद गर्ने निर्णयले सेनाद्वारा सत्ता नियन्त्रण गरेको प्रस्टै देखिएको छ। राजधानी न्यापिटअको फोन र इन्टरनेट सेवा काटिएको छ भने सुकीको नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) को पार्टी कार्यालयसँगको सम्पर्क टुटेको छ।

इरावादी नामको अनलाइन सेवाले स्टेट काउन्सिलर समेत रहेकी आङ सान सुकी र देशका राष्ट्रपति विन मिन्ट दुबैलाई बिहानै नजरबन्दमा राखिएको जनाएको छ। इरावादीका अनुसार एनएलडीका केन्द्रीय कार्यकारी समितिका सदस्यहरु, सांसदहरु र क्षेत्रीय मन्त्रिपरिषदका सदस्यहरुलाई पनि गिरफ्तार गरिएको छ।

अमेरिका, अस्ट्रेलिया र अन्य मुलुकले विज्ञप्ति प्रकाशन गरी म्यान्मारको पछिल्लो अवस्थाप्रति चिन्ता प्रकट गर्दै म्यान्मारको सेनालाई कानुनी शासनको सम्मान गर्न आग्रह गरेका छन्। वासिङ्टनमा ह्वाइट हाउसकी प्रवक्ता जेन साकीले एक वक्तव्य प्रकाशन गरी म्यान्मारको लोकतान्त्रिक संक्रमणकालीन स्थितिलाई नजरअन्दाज गरी बर्मेली सेनाले गरेका कुनै पनि कार्यप्रति अमेरिकाको समर्थन नरहने अमेरिकी धारणा प्रस्ट रहेको बताउनु भएको छ। उहाँले स्टेट काउन्सिलर आङ सान सुकी र अन्य नागरिक पदाधिकारीको गिरफ्तारी आपत्तिजनक रहेको बताउनु भएको छ।

अस्ट्रेलियाकी विदेश मन्त्री म्यारिस पेनले सुकी र अन्य गिरफ्तार गरिएका सबैलाई हिरासतमुक्त गर्न आग्रह गर्नु भएको छ। उहाँले गत नोभेम्बरमा सम्पन्न चुनावको नतिजा अस्ट्रेलियाका लागि स्वीकार्य रहेको जनाउँदै त्यस निर्वाचनबाट प्राप्त नतिजा बमोजिम शान्तिपूर्ण रुपमा राष्ट्रिय सभाको बैठक बस्नुपर्ने अस्ट्रेलियाको धारणा रहेको बताउनु भएको छ।

म्यान्मारको गत नोभेम्बरको चुनावबाट गठन हुने नयाँ राष्ट्रिय सभाको पहिलो बैठक सोमबार बस्दै थियो। हाल म्यान्मारमा सर्वाधिक प्रभावशाली नेताको रुपमा ७५ वर्षीया आङ सान सुकी नै रहनु भएको छ। सैनिक शासन विरुद्ध दशकौं संघर्ष गरेपश्चात पाँच वर्षअघि शान्तिपूर्ण रुपमा सम्पन्न चुनावबाट उहाँले मुलुकको नेतृत्व सम्हाल्नु भएको छ।

गत नोभेम्बरको चुनावबाट संसदको तल्लो र माथिल्लो दुबै सदनका कूल ४७६ स्थानमध्ये सुकीको दल एनएलडीले ३९६ स्थान जितेको छ। सन् २००८ को संविधान बमोजिम सेनालाई संसदको कूल स्थानको २५ प्रतिशत छुट्याइएको छ। साथै कतिपय महत्वपूर्ण मन्त्रालय पनि सेनालाई नै दिइएको छ।

तर गत चुनावमा व्यापक धाँधली भएको सेनाको भनाई छ तर त्यसका ठोस प्रमाणहरु भेटिएका थिएनन्। देशको निर्वाचन आयोगले पनि गत साता सेनाको उक्त दोषारोपणलाई अस्वीकार गरेको थियो। चुनावी नतिजाकै विषयलाई लिएर सेनाले गत साता नै देशभित्र सत्ता विद्रोह हुन सक्ने चेतावनी पनि दिएको थियो। सेनाको साप्ताहिक पत्रकार सम्मेलनमा सेनाका मेजर जनरल ज मिन टुनले संविधान बमोजिम कानुन कार्यान्वयन गरिने बताउनुभएको थियो।

त्यही भाषामा सेना प्रमुख जनरल मिन आङ हाइलाङले वरिष्ट सैनिक अधिकृतहरुलाई बुधबार सम्बोधन गर्दै कानुनको परिपालना राम्रोसँग नभएको अवस्थामा वर्तमान संविधान उल्ट्याउने धम्की दिनु भएको थियो। सेना प्रमुखको विचार सार्वजनिक भएलगत्तै राजधानी समेत देशका प्रमुख शहरहरुमा सैनिक बख्तरबन्ध गाडीहरु देखिएका थिए। तर गत शनिबार सेनाले सैनिक सत्ताविद्रोहको सम्भावनालाई अस्वीकार गरेको थियो। सेना प्रमुखको भनाईलाई गलत रुपमा व्याख्या गरिएको भन्दै सेनाले कुनै पनि प्रकारको सैनिक हस्तक्षेप नहुने दाबी गरेको थियो।

### *एनप्यावशनद्वारा ...*

सामुदायिक र संस्थागत दुबै विद्यालयबाट परिक्षा दिने परिपाटीलाई अन्त्य गर्ने उद्देश्यले जिल्लाको सबै १८ वटै पालिकामा रहेका सामुदायिक र संस्थागत विद्यालयहरुबाट आधारभुत उत्तिर्ण परीक्षा कक्षा ८ तथा शैक्षिक सत्र २०७७ को परिक्षा एकै मिति र समयमा संचालन गर्न सबै पालिकाका शिक्षा शाखालाई अनुरोध गर्ने निर्णय समेत गरेको छ।


# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## विश्व समाचार

# महाभियोग विरुद्धको सुनुवाईका लागि ट्रम्पद्वारा दुई वकील नियुक्त

वासिङ्टन, १९ माघ (रासस-एएफपी)।

अमेरिकी पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले आफू विरुद्ध सिनेटमा हुन लागेको महाभियोगमाथिको सुनुवाईका लागि प्रतिरक्षा गर्न दुई जना वकील नियुक्त गर्नु भएको छ। पूर्व राष्ट्रपति ट्रम्प विरुद्ध एक कार्यकालमै दुई पटक महाभियोग लागेको थियो।

ट्रम्पले नियुक्त गरेका वकीलहरुमा डेभिड सोएन र ब्रुस एल. क्यास्टर जुनियर रहनु भएको छ। विगतमा ट्रम्पसँग रहेका कतिपय वकीलले विदा लिइसकेकाले थप दुई वकील राख्नु परेको हो। अमेरिकी सिनेटमा आगामी फेब्रुअरी ८ देखि महाभियोगमाथि सुनुवाई हुँदैछ। ट्रम्पको गत जनवरी २० मा कार्यकाल समाप्त भए पनि अमेरिकी संसद् भवनमा ट्रम्पको उक्साहटमा आक्रमण भएको भन्दै डेमोक्रेट पार्टीले उहाँ विरुद्ध अविश्वास प्रस्ताव अघि बढाएको छ।

अमेरिकी तल्लो सदनले महाभियोग लगाउने प्रस्ताव स्वीकृत गरी सिनेटमा पठाइसकेको छ। अमेरिकी संविधान र कानुन बमोजिम सिनेटको दुई तिहाईले पारित गरेमा मात्र कुनै पनि राष्ट्रपति विरुद्ध महाभियोग पारित हुने प्रावधान छ। सिनेटमा हाल रिपब्लीकन र डेमोक्रेटिक पार्टीबाट समान ५०-५० सदस्य रहेकाले ट्रम्प विरुद्धको महाभियोग पारित हुने सम्भावना भने कम रहेको छ।

हालसम्म पाँच जना रिपब्लीकन सिनेटर सदस्यले मात्र ट्रम्प विरुद्धको महाभियोग लगाउनु पर्ने मत सार्वजनिक गरेका छन्। महाभियोग पारित हुन अझै १७ रिपब्लीकन सिनेटरले समर्थन जनाउनु पर्नेछ, जुन निकै कठिन छ।

# जापानले म्यान्मार सेनालाई आङ सान सुकीको रिहा र प्रजातन्त्र पुन:स्थापना गर्न आग्रह गर्यो

टोकियो, १९ माघ (रासस/एएफपी)।

जापानले सोमबार म्यान्मारको सेनालाई आङ सान सुकीलाई रिहा गर्न र प्रजातन्त्र पुन: स्थापना गर्न आग्रह गरेको छ। जापानको परराष्ट्र मन्त्रालयले जारी गरेको एक विज्ञप्तिमा सेनालाई म्यान्मारमा लोकतान्त्रिक राजनीतिक प्रणाली छिटो पुन:स्थापना गर्न आग्रह गरेको बताइएको छ।

मन्त्रालयद्वारा जारी विज्ञप्तिमा जापानले म्यान्मारमा प्रजातान्त्रिक प्रक्रियालाई पूर्ण रुपमा समर्थन गर्दै आएको र म्यान्मार पुन: पछाडी फर्केको यस कार्यको बिरोध गरेको जनाइएको छ।टोकियोमा सयौं प्रदर्शनकारीहरुले संयुक्त राष्ट्र युनिभर्सिटीबाहिर प्रदर्शन गर्दै सोमबार सेनाले नियन्त्रणमा लिएको आङ सान सुकीको रिहाईको लागि अन्तर्राष्ट्रिय समुदायलाई समेत आग्रह गरेको छ।

म्यान्मारको सैनिक टेलिभिजनले म्यान्मारको सम्पूर्ण सत्ता एक वर्षका लागि आफूहरुले नियन्त्रणमा लिएको घोषणा गरेको छ। आङ सान सुकी समेत देशका सबैजसो वरिष्ट राजनीतिज्ञहरुलाई सेनाले नियन्त्रणमा लिइएको पनि जनाएको छ। जापानले लामो समयदेखि म्यान्मारसँग न्यानो सम्बन्ध राख्दै आएको र पर्याप्त सहायता र निजी लगानी गर्दै आएको छ।

# भारतमा कोभिड-१९ को कारण मृत्यु हुने व्यक्तिको संख्या १ लाख ५४ हजार नाघ्यो

नयाँदिल्ली, १९ माघ (रासस/सिन्ह्वा)।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण ११८ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५४ हजार ३९२ जना पुगेको छ।

यहाँ कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या आइतबारसम्म एक करोड सात लाख ५७ हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा ११ हजार ४२७ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड सात लाख ५७ हजार ६१० पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड चार लाख ३४ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा एक लाख ६८ हजार २३५ जना सक्रिय सङ्क्रमित रहेका छन्। भारतमा गत जनवरी १६ देखि कोभिड -१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ। सो दिनदेखि हालसम्म ३७ लाख भन्दा बढी व्यक्तिले खोप लगाइसेकेका छन्। कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्राय: स्वास्थ्यकर्मीहरु रहेका जनाइएको छ। भारतको राष्ट्रिय राजधानी दिल्लीमा आइतबार १४० जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र ४ जनाको मृत्यु भएको छ। भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ८३५ को मृत्यु भइसकेको छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले आइतबारसम्म देशभर १९ करोड ९२ लाख ६३५ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ। आइतबार एकै दिनमा मात्र पाँच लाख ४ हजार भन्दा बढी व्यक्तिलाई कोभिड-१९ परीक्षण गरेको जनाइएको छ।

# शिक्षा क्षेत्रको स्तरबृद्धिका लागि बिद्यालयमा मर्मत सम्भार र रंगरोगन



**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

शिक्षा क्षेत्रलाई गुनस्तर बनाउने उद्देश्यले सप्तरीको सुरुङगा नगरपालिका वडा नं. ७ मा रहेको एउटा बिद्यालयमा सबल नेपालले मर्मत सम्भार र रंगरोगनको कार्य सम्पन्न गरेको छ ।

सेभ द चिल्ड्रेनको सहयोग तथा सबल नेपालको आयेजनामा गत बर्ष सन् २०२० मा त्यहाँ रहेका राष्ट्रिय आधारभुत बिद्यालय पोखरीया बसनपटीमा मर्मत सम्भार सहित पुरै बिद्यलयमा रंगरोगन सम्पन्न गरेको हो ।

साथै बालबिकाससहित ७ वटा कक्षा कोठाहरुमा समेत प्लाष्टर तथा ढालानको कार्य सम्पन्न गरि मर्मत सम्भार गरिएको सबल नेपालका शिक्षा फिल्ड अधिकृत निरबहादुर आलेले जानकारी दिएका छन् ।

उक्त बिद्यालयमा ७ लाख ५० हजार खर्च गरि बिद्यालयमा अपाङ मैत्री भऱ्याङ, ३ वटा शौचालयको मर्मत सम्भार र रंगरोगनका साथै कक्षा कोठा ब्यवस्थापनका लागि बालबिकाशदेखि कक्षा ३ सम्म समेत मर्मत सम्भार गरिएको उनले बताए ।

बालबिकाससहित कक्षा १ देखि ७ सम्म पुरै बिद्यालयमा रंगरोगन गरि बिद्यालय ब्यवस्थित गरिएपछि अहिले बिद्यार्थीहरु पढन आउदा खुशी भएको बिद्यालयका प्रअ उग्रनारायण चौधरीले बताए ।

मर्मत सम्भारका कारण जीर्ण बन्दै गइरहेको बिद्यालयमा सबल नेपालले आफनो लगानी गरि मर्मत सम्भार गर्दा आफुहरु समेत खुशी भएको बताउदै ४ जनाको दरबन्दी रहेको बिद्यालयमा अहिले ३ जना शिक्षकले काम गरि रहेको बिद्यालयका प्रअ चौधरीको भनाई छ ।

गत बर्ष शिक्षक उपेन्द्र चौधरी अवकाशपछि सो बिद्यालयमा एउटा दरबन्दी खाली भएको थियो । बालबिकास केन्द्रसहित कक्षा १ देखि ७ सम्म रहेको बिद्यालयमा जम्मा २०० बिद्यार्थी रहेका छन् । तीन वटा बालबिकस केन्द्रमा भने ३ जना महिला शिक्षिका समेत कार्यरत रहेको बिद्यालयले जनाएको छ ।

सो बिद्यालयमा यसअघि बिभिन्न कार्यक्रमको आयोजना गरि शिक्षकहरुको लागि एकिकृत पाठेयक्रम सम्बन्धी तालिम समेत दिएको थियो ।

## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# कोइलाडी फाइनलमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाद्वारा सञ्चालित गजेन्द्र नारायण सिंह स्मृति टी २० क्रिकेट प्रतियोगिताको फइनलमा वडा नं. ४ कोइलाडी प्रवेश गरेको छ। सोमबार सम्पन्न खेलमा कोइलाडीले वडा नं. २ लौनियाँलाई ३० रनले पराजित गर्दै फाइनलमा आफ्नो स्थान सुरक्षित गरेको हो ।

मौसमका कारण १३ ओभरमा छोट्याइएको पहिलो खेलमा टस जितेर ब्याट्रि गर्दै कोइलाडीले ७ विकेटको नोक्सानीमा ७५ रन बनाएको थियो । जसमा जितेन्द्र पासमानले सार्वधिक १८, रिषभ सिंहले १३ तथा जुगनु मण्डलले १२ रनको योगदान दिएका थिए । लौनियाँका लागि दिनेश कुमार मण्डलले सर्वाधिक ३ विकेट, शिव सुन्दर मण्डलले २ तथा अजय मण्डल र दिलीप मण्डलले १/१ विकेट लिए ।

७६ रनको बिजयी लक्ष्य पछ्याएको लौनियाँ १२ ओभर २ बलमा सबै विकेट गुमाई ४५ रन मात्र बनाउन सफल भयो । लौनियाँका भगवानदेव मण्डलले अविजित रहँदै २५ रन बनाउनु बाहेक कुनै पनि खेलाडि दोहोरो अंकमा प्रवेश गर्न सकेनन् ।

कोइलाडीकालागि जुगनु मण्डलले घातक बलिङ गर्दै ३ ओभरमा ८ रन खर्चेर ४ विकेट लिए भने जयराम मण्डलले २ तथा अक्षय मण्डलले १ विकेट लिए । उक्त खेलमा कोइलाडीका जुगनु मण्डललाई गाउँपालिकाका कार्यक्रम अधिकृत तथा प्रतियोगिता संयोजक राजेश कुमार झाले म्यान अफ द म्याच ट्रफी प्रदान गरे ।

यस्तै सोमबारै सम्पन्न दोस्रो खेलमा वडा नं. ३ सकरपुराले वडा नं.७ मन्सापुरलाई ६५ रनले पराजित गरेको छ । टस जितेर ब्याटिङ गरेको वडा नं. ३ सकरपुराले २० ओभरमा ६ विकेट गुमाई १३२ रन बनाएको थियो । जसमा अमित मण्डलले विष्फोटक ब्याटिङ गर्दै ७ चौकाको मद्तले ४७ बलमा ६३ रन बनाएका थिए । मन्सापुरका लागि सुबोध मण्डलले २ तथा अजय मरिक र धिरज मण्डलले १/१ विकेट लिए ।

१ सय ३३ रनको लक्ष्य पाएको मन्सापुरले १६ ओभर ४ बलमा सबै विकेट गुमाई ६७ रन मात्र बनाउन सकेको थियो । मन्सापुरका लागि रोशन मण्डल र महेश मण्डलले समान १६/१६ रन तथाउमेश मालीले १० रन बनाउनु बाहेक कुनै पनि खेलाडी दोहोरो अंक मा प्रवेश गर्न सकेनन् । सकरपुराकालागि श्यामदेव मण्डल र प्रदीप मण्डलले समान ३/३ विकेट लिए भने सुरज मण्डलले १विकेट लिए । उक्त खेलमा सकरपुराका प्रदीप मण्डललाई गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहले म्यान अफ द म्याच ट्रफी प्रदान गरे ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
ipay remit, City Express, Best Remit, Prabhu Money Transfer, IME, himal remit, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*